# ४ विश्वास अर्थात् आस्था र चङ्गाई

*यस अध्यायका मूल पदहरू:* मत्ती ८, लैव्य १३:४४-५०, दानिएल ७:७,८, यूहन्ना १०:१०, मत्ती ९:१-८, १ यूहन्ना १:९।

*यस अध्यायको सम्झनुपर्ने मूल पद:* " 'कुन् सजिलो छ "तिम्रा पापहरू क्षमा तिमीलाई क्षमा गरियो" भन्नु र "जूरुक्क उठ र हिंड"? (मत्ती ९:५ रूपान्तरित)।

यदि तपाईंले तपाईंको जीवनमा अत्यन्त त्रसित बनाउने कुराहरूको सूची बनाउनु पर्‍यो भने त्यो सूची कस्तो होला? त्यस सूचीमा तपाईंको परिवारको कुनै प्रियजन मृत्युशैयामा परिरहेको वा तपाईं आफै पनि मरणासन्न अवस्थामा भएको त्यस सूचीमा समावेश भएको हुनसक्छ। डर; त्रास, आतङ्क आदि भनेको के हो हामी सबैलाई थाहा छ। तर फेरि ती पृथ्वीमा मात्र केन्द्रित भएको पनि सोच्नुहोस्। अहिले हामी जिउनेमात्र सोच्दछौं। तर मर्छौं भनेर पनि हामीलाई थाहा छ। तर के हामी एकदम त्रसित हुनुपर्ने कुरा केवल मृत्युमात्र हो त?

मानौं परमेश्वरले पनि प्रायजसो सबैलाई भइरहेने भयहरूको सूची बनाउनुभयो रे? ती के होलान्? हामीहरूको परिवारको वा हामीहरूकै अनन्त जीवन गुमाउनुपर्ने वाध्यता प्रभुख भएको हुनसक्छ।

निश्चय नै परमेश्वरले हामीहरूको शारीरिक बिमार र मृत्युको बारेमा चासो राख्नुहुन्छ। तर हामीहरूको आत्मिक बिमार र अनन्त मृत्युको बारेमा सब भन्दा धेरै चासो राख्नुभएको हामीले बाइबलमार्फत देख्न सक्छौं। येशूले विभिन्न थरिका रोगहरूले ग्रष्त भएका मानिसहरूलाई निको पार्नुभएको थियो। उहाँले संसार मरणशील छ भनेर हात बाँधेर नबसि मरेकाहरूलाई पनि बिउँताउनुभएको थियो। तर त्यस वखत निको पार्ने होस् वा मरेकाहरूलाई बिउँताउने होस्, ती केवल अस्थाई उपहारमात्र थिए। अपवादको रूपमा भन्नु पर्दा जब येशू बौरि उठ्नुभयो त्यसबेला धेरै सन्त वा पवित्र जनहरू पनि पुनरुत्थान भएर स्वर्गमा गएका थिए (मत्ती २७:५०-५३)।

परमेश्वरले हाम्रो निम्ति के के गर्नुभयो त्यसको लेखाजोखाको अन्त नहुनसक्छ। तर यस संसारमा येशूबाट हामीले मुक्ति पायौं भन्दैमा बिमार र मृत्युबाट अलग भएर बस्छौं भन्न सकिन्दैन। त्यस धारणालाई मध्य नजरमा

राखेर येशूले गर्नुभएको चङ्गाईको बारेमा केही कथाहरू हामी नियाल्नेछौं। ती निको हुनेहरूमा दुवै शारीरिक र आत्मिक रोगीहरू छन्। तिनीहरूबाट येशूमाथि आस्था वा विश्वास राख्नु भनेको कस्तो महत्त्वपूर्ण रहेछ सिक्न खोज्नेछौं।

## १. अछुतलाई छुने (मत्ती ८:१४)

येशूले डाँडाँमा उपदेश दिइसक्नुभएको थियो। त्यहाँ परमेश्वरको राज्यका नीतीहरू कस्ता छन् भनेर उहाँले श्रोताहरूलाई सिकाउनुभएको थियो। त्यसपछि उहाँ शैतानको राज्यमा पस्नुभयो। त्यो ठाउँ अन्धकार र चिसो थियो जहाँ पाप र कष्टले गर्दा पतित र खस्किरहेका मानिसहरूको जमात थियो। त्यो संसार संसारका नीतिहरूले परिचालित थियो जहाँ येशूको आदर्शनीतिको प्रायजसो बिरोध गरिन्थ्यो। त्यस बेलाको संसारमा अनेकन् रोगहरूमा कुष्ट रोग यस्तो प्रभावकारी रोगको उदाहरण थियो कि शैतानको राज्य कस्तो भयानक हुनगयो भनेर खुलमखुला देखाइएको थियो। बिगत समयमा मोशाकी दिदी मरियमलाई परमेश्वरले कोढ रोग पठाएर उनको पापको निम्ति दण्ड दिनुभएको थियो (गन्ती १२:९-१२)। पतित र टुक्रिएको संसारमा रहनुभनेको के हो भनेर धक्का दिने र त्रसित तुल्याउने कुष्ट रोग एक उदाहरण भएर बाइबलको समयमा देखाइएको थियो।

प्रभु येशूले कुष्ट रोगीलाई निको पार्न उसलाई छुनुभएको थियो। उहाँको त्यस ममताले उहाँको कोमल तथा दयालु हृदयको महत्त्वलाई कसरी प्रदर्शन गरिएको थियो? हेर्नुहोस्, मत्ती ८:१-४ "१ उहाँ डाँड़ाबाट ओर्लनुभएपछि ठूलो भीड उहाँको पछि लाग्यो। २ एक जना कुष्ठरोगी उहाँकहाँ आयो, र उहाँको अगि घुँड़ा टेकी यसो भन्यो, "हे प्रभु, तपाईंको इच्छा भए मलाई निको पार्न सक्नुहुन्छ।" ३ उहाँले आफ्नो हात पसारेर त्यसलाई छुनुभयो, र भन्नुभयो, "म इच्छा गर्छु, तिमी निको भइजाऊ।" तुरुन्तै त्यसको कुष्ठरोग निको भइगयो। ४ तब येशूले त्यसलाई भन्नुभयो, "कसैलाई नभन्नू। तर जाऊ, र आफूलाई पूजाहारीकहाँ देखाऊ, र मोशाले आज्ञा गरेको भेटी चढ़ाऊ, र मानिसहरूलाई प्रमाण होस्।" त्यस सन्दर्भमा लैव्य १३:१-७, ४४-५७मा यसरी भन्दछ ""१ परमप्रभुले मोशालाई भन्नुभयो, २ "रोगीलाई शुद्ध गर्दा यी विधिहरू पालन गर्नू। त्यस दिन त्यसलाई पूजाहारीकहाँ ल्याइओस्। ३ पूजाहारीले त्यसलाई छाउनिबाहिर लगेर त्यसको जाँच गरून्। छालाको त्यो सरुवा रोग निको भएछ भने, त्यसको निम्ति दुई वटा जिउँदो शुद्ध पन्क्षी ,

देवदारुको काठ, हिसप र सिन्दूरे रङ्गको धागो ल्याउनू भनी पूजाहारीले आज्ञा दिऊन्। तब पूजाहारीले ती पन्क्षीहरूमध्ये एउटालाई माटोको भाँड़ामा भएको ताजा पानीमाथि मार्ने आज्ञा दिऊन्। ६ त्यो जिउँदो पन्क्षी लाई चाहिँ देवदारुको काठ, सिन्दूरे रङ्गको धागो र हिसपसमेत लिई त्यही माटोको भाँड़ामा भएको ताजा पानीमाथि मारिएको पन्क्षी को रगतमा तिनले चोपलून्। सरुवा रोगबाट शुद्ध हुनुपर्नेमाथि सात पल्ट छर्केर तिनले त्यसलाई शुद्ध ठहराऊन्। तब तिनले त्यो जिउँदो पन्क्षी लाई खुला मैदानमा छोड़िदिऊन्।...४३ ढुङ्गाहरू निकाली घर खुर्केर पोतिसकेपछि पनि त्यो ढुसी त्यस घरमा फेरि देखा पर्‍यो भने, ४४ पूजाहारी गएर हेरून्। त्यो ढुसी घरमा फैलिएको रहेछ भने, त्यो खतरनाक ढुसी हो। त्यो घर अशुद्ध ठहर्नेछ। ४५ त्यो घर भत्काइओस्, त्यसका ढुङ्गाहरू, काठपातहरू र सबै लिउनहरू लगेर सहरबाहिर कहीं अशुद्ध ठाउँमा फालिओस्। ४६ "त्यस उप्रान्त त्यो घर बन्द रहुञ्जेल कोही त्यसभित्र पस्यो भने त्यो साँझसम्म अशुद्ध रहन्छ। ४७ अनि त्यस घरमा सुत्ने वा खानेले पनि आफ्ना लुगा धुनुपर्छ।४८ "तर पूजाहारीले त्यस घरभित्र पसेर जाँच गर्दा घर पोतिएपछि ढुसी फैलिएको रहेनछ भने, पूजाहारीले त्यस घरलाई शुद्ध ठहराऊन्,किनभने ढुसी हटेको छ। ४९ अनि घर शुद्ध पार्नलाई तिनले दुई वटा चरा, देवदारुको काठ, हिसप र सिन्दूरे रङ्गको धागो ल्याऊन्। ५० अनि तिनले माटोको भाँड़ामा भएको ताजा पानीमाथि चराहरूमध्ये एउटालाई मारून्। ५१ त्यसपछि देवदारुको काठ, हिसप, सिन्दूरे रङ्गको धागो र जिउँदो चरालाई लिएर त्यो मारिएको चराको रगतमा र ताजा पानीमा चोपेर त्यस घरमा सात पल्ट छर्कून्। ५२ तिनले चराको रगत, ताजा पानी, जिउँदो चरा, देवदारुको काठ, हिसप र सिन्दूरे रङ्गको धागोले घरलाई शुद्ध पारून्। ५३ तब तिनले जिउँदो चरालाई चाहिँ सहरबाहिर खुला मैदानमा छोड़िदिऊन्। यसरी तिनले त्यस घरको निम्ति प्रायश्चित गर्नेछन्, अनि त्यो शुद्ध हुनेछ।" ५४ छालाका सबै किसिमका सरुवा रोग, र चिलाउने व्यथा, ५५ लुगाको र घरको ढुसी, ५६ सूज र बिमिरा र उज्ज्वल दागको निम्ति शुद्ध वा अशुद्ध ठहराउने विधि यी नै हुन्। ५७ छालाका सरुवा रोगहरू र ढुसीको निम्ति विधिहरू यी नै हुन्।"

**कुष्ट रोग लागेको मानिस येशूको सामु घुँडा टेक्छन् र यसरी बिन्ति गर्दछन् 'यदि तपाईं चाहनुहुन्छ भने तपाईंले मलाई शुद्ध गर्न सक्नुहुन्छ' " (मत्ती ८:२ रूपान्तरित)। "सक्नुहुन्छ" भन्ने प्रयोग गरिएको ग्रीक शब्द डुनामाई (dunamai) वा अङ्ग्रेजी शब्दमा डाइनामाइट (dynamite) जस्तै हो। त्यो**

प्रभाकारी र शक्तिले भरिएको शब्द हो। "तपाईंमा पूर्णरूपमा शक्ति भएको कारण यदि तपाईं चाहनुहुन्छ भने तपाईंले मेरो जीवनलाई शुद्ध गर्न सक्नुहुन्छ।" त्यस रोगीको अनुरोध र येशूप्रति उसको विश्वासले गर्दा उहाँले उसलाई निकोपार्न इच्छा व्यक्त गर्नुहुन्छ र तुरन्तै उसलाई छोएर उहाँले निको पार्नुहुन्छ।

येशूले कोढीलाई छुँदा र उहाँले के गर्नुभयो सो देख्दा भिँड अत्यन्त अचम्म मानेर प्रभावित भएको हुनसक्छ। अरूलाई जस्तो उहाँले बोलेर मात्र निको पार्न सक्नुहुन्थ्यो होला। तर संस्कारमा अशुद्ध मानिएको कुष्ट रोगीलाई छुन नै किनभयो त?

"भयानक कुष्ट रोगले ग्रष्त भएको रोगीलाई ख्रीष्टले शुद्ध पार्नुभएको अर्थ मानिसलाई पापबाट शुद्ध गर्न सक्ने अधिकार उहाँमा भएको देखाइएको थियो। जो मानिस येशूकहाँ आएको थियो त्यो कुष्ट रोगले पूरा सताएको थियो। उसको सम्पूर्ण शरीरमा खतरनाक मार्ने बिषले भरिएको थियो। येशूका चेलाहरूले तिनीहरूको प्रभुले उसलाई नछुओस् भनेर कोशिश गरेका थिए। किनभने कसैले कुष्ट रोगीलाई छुन्थ्यो त्यो व्यक्ति आफै अशुद्ध हुन्थ्यो। तर जब येशूले त्यो कुष्ट रोगीलाई छुँदा उहाँ अशुद्ध हुनुभएको थिएन। उहाँको स्पर्शले त्यस कुष्ट रोगीको शरीरमा पुनर्जीवनको शक्तिको प्रवाह भएको थियो। त्यस मानिसमा भएको कुष्ट रोगबाट उनि शुद्ध भएको थियो। त्यसरी नै उहाँले पापको कुष्ट रोगलाई उहाँले निको पार्नुहुन्छ र शुद्ध पार्नुहुन्छ। मानिसमा कुष्ट रोग जस्तो पाप उसको जीवनको भित्री जगमा पसिसकेको हुन्छ, त्यो खतरनाक हुन्छ र त्यसले मानिसलाई अनन्तको मृत्युको मुखमा पार्दछ र कुनै पनि मानिसको शक्तिले त्यसलाई सफा वा शुद्ध पार्न सक्दैन।" –एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. २६६बाट रूपान्तरित।

कुष्ट रोगीलाई येशूले आफ्नै हातले छुनुको अर्थ यो हुनसक्छः पाप जतिसुकै खराब भएतापनि जो मानिस उहाँको नजिक आएर क्षमाको निम्ति प्रार्थना गर्छन् त्यसलाई उहाँले त्यस पापबाट क्षमा दिनुहुन्छ, निको पार्न सक्नुहुन्छ र त्यसबाट शुद्ध पार्न सक्नुहुन्छ।

बर्तमान समय तपाईंले कसैलाई चिन्नुभएको छ जो कुष्ट रोग जस्तोले सताइरहेको छ? अर्थात् त्यस मानिसमा केही यस्तो तत्व होला जसले गर्दा अरू मानिसहरू त्रसित हुन्छन् र नराम्रो सोच्छन्? येशूले देखाउनुभएको अनुकरणीय

उदाहरणले त्यस खालको मानिसलाई कसरी व्यवहार गर्नुपर्छ भनेर तपाईंलाई कसरी सिकाउँछ?

## २. रोम र मसीह अर्थात् उद्धारक (मत्ती ८:५-१३)

**दानिएलको पुस्तकमा दानिएलले रोमको मामिलालाई लिएर धेरै समय बिताएका थिए। त्यसलाई अर्थपूर्ण मान्नुपर्छ (हेर्नुहोस्: दानिएल ७:७,८,१९-२१, ८:९-१२,२३-२५)। किनभने त्यो रोमी साम्राज्यको महान् शक्तिले गर्दा हो जुन् बर्तमान विश्व टुक्रिनुभन्दा पहिले एकल विश्वाशक्तिको रूपमा खडा भएको थियो। खीष्टको समयमा कुनै पनि रोमी हाकिम रोमको शक्तिको प्रतिक थियो। एक दिन एक जना रोमी सिपाहीँको हाकिम येशूकहाँ आउँछ। आफू विश्वशक्तिको प्रतिक भएतापनि हामी सबैले पाउने दुःख र कष्टको सामु उनि निरिह भएर उभिन पुगेका थिए। संसारको शक्ति कस्तो सिमित रहेछ भन्ने ज्वलन्त उदाहरण उक्त रोमी हाकिमले देखाउँदछ। मानिस जतिसुकै आफु महान् हुँ भनेर हुँकार गरेतापनि, जतिसुकै प्रभावकारी नेताहरू भएतापनि, जतिसुकै धनी नर वा नारी भएतापनि साधारण मानिसहरूलेसमेत गर्नुपर्ने धेरैजसो संघर्षहरूको सामु तिनीहरू निरिह भएर बस्ने वाध्यता भएको पाइन्छ। साँच्चिकै भनौं भने परमेश्वरले हामीलाई दिने आशाबाहेक यस संसारमा जिउनुको औचित्य वा आशा के छ? अर्थात् हामी कुन् आशाको निम्ति जिएर बस्ने?**

सेभेन्थ-डे एडभेन्टिस्ट हुनु असाध्ये भाग्यमानी सम्झनुपर्छ किनभने त्यस चर्चलाई उनको फाइदाको निम्ति परमेश्वरले बिशेष संदेश दिनुभएको छ। यसको पुष्टिलाई स्वीकार गर्न विश्वास तथा आस्थाको अत्यन्त जरूरी छ भनेर मत्ती ८:५:१३ले कसरी देखाउँछ, हेर्नुहोस्?

"५ येशू कफर्नहुममा पस्नुहुँदा एक जना कप्तान उहाँकहाँ आएर बिन्ती गर्न लागे। तिनले भने, ६ "हे प्रभु, मेरो नोकर पक्षाघातले साह्रै दुःख पाएर घरमा ओछ्यान परेको छ।" ७ उहाँले तिनलाई भन्नुभयो, "म आएर त्यसलाई निको पार्नेछु।" ८ तर कप्तानले भने, "हे प्रभु, तपाईंलाई मेरो घरमा स्वागत गर्ने योग्यको म छैनँ। तर वचन मात्र बोलिदिनुहोस्, र मेरो नोकर निको हुनेछ। ९ किनकि म पनि अधिकारीहरूका अधीनमा छु, अनि मेरो अधीनमा सिपाहीहरू छन्। म एक जनालाई 'जा" भन्छु, अनि त्यो जान्छ, र अर्कालाई 'आइज' भन्छु, अनि त्यो आउँछ। मेरो कमारालाई 'यसो गर' भन्छु, अनि त्यसले त्यो गर्छ।" १० तिनको कुरा सुनेर येशूले आश्चर्य मान्नुभयो, र

उहाँको पछि आउनेहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, इस्राएलमा पनि यति ठूलो विश्वास मैले भेट्टाएको छैनँ। ११ म तिमीहरूलाई भन्दछु, पूर्व र पश्चिमबाट धेरै जना आउनेछन्, र अब्राहाम, इसहाक र याकूबसँग स्वर्गका राज्यको भोजमा बस्नेछन्। १२ तर राज्यका सन्तान बाहिरी अन्धकारमा फालिनेछन्। त्यहाँ मानिसहरू रुनेछन् र दाह्रा किट्नेछन्।" १३ तब येशूले कप्तानलाई भन्नुभयो, "जाऊ, जस्तो तिमीले विश्वास गरेका छौ, त्यस्तै तिमीलाई होस्।" अनि त्यो नोकर त्यही घड़ी निको भयो।"

रोमी सेन्टुरियन कप्टान रोमको सैनिक हाकिम थियो जसको मातहतमा ८०देखि १०० जना सिपाहींहरू हुन्थे। २० वर्षसम्म रोमी सरकारको सैनिक सेवामा लाग्नुपर्दा औपचारिक रूपमा उनलाई निजि परिवार बनाउने अनुमती थिएन। त्यसकारण त्यस हाकिमलाई रेखदेख गर्न केवल उक्त नोकर परिवारको रूपमा उनिसँग रहेको हुनुपर्छ।

त्यस यहूदी समाजमा सब भन्दा धेरै घृणा गरिने मानिसहरूमा रोमीहरूबाहेक कुष्ट रोगीहरू थिए। त्यसैलाई नै मध्य नजरमा राखेर येशू उनको घरमा जान आफू उचित वा योग्य नभएको उसले सोचेको होला। येशूले उसको घरमा जान चाहना व्यक्त गरेतापनि यहूदी समाजको अगाडि उहाँलाई बिटुलो पार्न नचाहेकोले उहाँलाई ननिम्त्याएको हुनसक्छ। येशूप्रति अत्यन्त आदरभाव व्यक्त गरेर उहाँको मुखारबाट केवल वचनमात्र उच्चारण गरियो भने आफ्नो नोकर निको हुनेछ भनेर उहाँमाथि अनुकरणीय आस्था तथा विश्वास व्यक्त उनले गरेका थिए। उनको महान् विश्वासबाट यो पाठ हामी सबैले सिक्नु जरुरी छः उहाँको वचन उहाँको स्पर्श वा व्यक्तिगत छुवाईजस्तै अत्यन्त शक्तिशाली छ। आफ्नो नोकरलाई निको पार्ने शक्ति येशूको निम्ति चानचुने भएको पनि उसले ठानेको थियो। जसरी सैनिक हाकिमले आफ्नो हुकुमलाई आफ्नो सिपाहींले पालन अपेक्षा गर्छ त्यसरी नै येशूको हुकुमले गर्दा आफ्नो नोकर निको हुन्छ भन्ने कुरामा आफू विश्वस्त थियो। सैनिक हाकिमले सिपाहींहरूलाई जहिले पनि हुकुम दिइरहेको हुन्थ्यो।

त्यही सन्दर्भमा येशूले मत्ती ८:११,१२मा जे भन्नुभएको थियो सो हेर्नुहोस्। यहूदी जाति अर्थात् परमेश्वरले विशेष आशिष वा फाइदा दिनुभएको जातिको निम्ति उहाँको कडा चेतावनीको ख्याल गर्नुहोस्। हामी सेभेन्थ-डे एडभेन्टिस्टहरू भएको हैशियतले हामीलाई पनि विशेष आशिषहरू दिइएको छ

**जसबाट हामी धेरै फाइदाहरू लिन सक्छौं। तर येशूलाई हेरेर हामीहरूको आस्थाको जग बसाली राख्ने कि चर्चको समाज अर्थात् अरू विश्वासी वा अगुवाहरूलाई हेरेर हामीहरूको विश्वासलाई थमाइ राख्ने?**

तपाईं आफ्नो दैनिक जीवन कस्तो व्यवहारमा चलाइरहनुभएको छ वा निर्णयमा चलिरहनुभएको छ? ती निर्णयहरूले तपाईंको आस्था वा विश्वासमा कस्तो प्रभाव पारिरहेको छ त्यो कत्तिको महत्त्वपूर्ण छ के तपाईंलाई थाहा छ? आफ्नो जीवनमा तपाईंको आस्था वा विश्वासलाई बढाउन तपाईंले कस्तो कस्ता निर्णयहरू गर्न सक्नुहुन्छ?

## ३. शैतानका दानवी मतियार वा आत्माहरू र बँदेल वा सुँगुरहरू (मत्ती ८:२५-३४)

मत्ती ८:२३-३४मा दुई घटनाहरू उल्लेख गरेका छन्। ती घटनाहरूले परमेश्वरको शक्तिको बारेमा हाम्रो अगाडि छर्लङ्ग देखाएको छ। हाम्रो जीवनमा पनि जब बाँच्नको निम्ति संघर्ष गरिरहन्छौं, हुनसक्छ त्यो संघर्ष हाम्रो क्षमता भन्दा बाहिरको छ, यद्यपि, ती घट्नाहरूद्वारा हामीले के सान्त्वना, बल वा आशा पाउँछौं जसले गर्दा परमेश्वरमाथि पूरा भरोसा राखेर हाम्रो जीवनलाई अगाडि बढाउन सक्छौं? हेर्नुहोस्: "२३ उहाँ डुङ्गामा चढ्नुभएपछि उहाँका चेलाहरू उहाँको पछि लागे। २४ अकस्मात् तालमा ठूलो आँधी आयो, र छालले डुङ्गालाई ढाक्न लाग्यो। येशू निदाइरहनुभएको थियो। २५ चेलाहरू आएर यसो भन्दै उहाँलाई बिउँझाए, "बचाउनुहोस् प्रभु! हामीहरू नष्ट हुन लाग्यौं।" २६ येशूले तिनीहरूलाई भन्नुभयो, "अल्पविश्वासी मानिस हो, तिमीहरू किन डराउँछौ?" तब उठेर उहाँले बतास र समुद्रलाई हकार्नुभयो, र आँधी बिलकुल शान्त भयो। २७ "यिनी त कस्ता मानिस हुन्, किनभने बतास र समुद्रले पनि यिनका आज्ञा मान्दारहेछन्" भनी ती मानिसहरू छक्क परे।

२८ जब उहाँ पारिपट्टि गदरिनीहरूको मुलुकमा आउनुभयो, तब भूत लागेका दुई जना मानिसहरूले चिहानबाट आउँदैगर्दा उहाँलाई भेटे। तिनीहरू यति डरलाग्दा थिए, कि कोही पनि त्यहाँबाट आउन-जान सक्दैनथिए। २९ तिनीहरूले यसो भन्दै चिच्च्याए, "हे परमेश्वरका पुत्र, तपाईंको हामीहरूसँग के सरोकार? हाम्रो समय नपुगी हामीहरूलाई कष्ट दिन तपाईं यहाँ आउनुभएको हो?" ३० तिनीहरूदेखि केही टाढ़ामा धेरै सुँगुरको एक बथान चरिरहेको थियो। ३१ भूतहरूले उहाँलाई यसो भनेर बिन्ती गरे, "यदि तपाईंले हामीलाई

निकाल्नुहुन्छ भने, हामीलाई सुँगुरको बथानमा पठाइदिनुहोस्।” ३२ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, “जाओ।” तब तिनीहरू निस्केर सुँगुरहरूमा पसे, र सुँगुरको जम्मै बथान हुर्रिंदै भीरबाट खसेर पानीमा डुबी मरे। ३३ सुँगुर चराउनेहरू भागे र सहरमा गएर सबै कुरा, र ती भूत लागेकाहरूलाई के भयो सो सुनाइदिए। ३४ तब जम्मै सहर नै येशूलाई भेट गर्न उल्टेर आयो, र उहाँलाई देखेर मानिसहरूले तिनीहरूको इलाकाबाट जानुहोस् भनी उहाँलाई बिन्ती गरे।"

**प्रकृति र शैतानका दानवी आत्माहरूलाई नियन्त्रण गर्न वा शासन गर्न केवल परमेश्वरको मात्र अधिकार थियो भनेर यहूदीहरूको सोचमा थियो। मत्ती ८:२३-२७मा हामी पाउँछौं येशूले कसरी केवल केही साधारण वचनहरूलेमात्र आतङ्कित हुरीबतास र समुद्रको छाललाई शान्त पार्नुभयो। त्यसपछि येशू गलिल समुद्रको पूर्वपत्ती रहेको गाउँमा उतर्नुहुन्छ जुन् गैर-यहूदी अर्थात् यहूदी धर्म नमान्ने अन्य जातका मानिसहरूको क्षेत्र थियो। त्यस क्षेत्रको किनारामा शैतानको दानवी वा अशुद्ध आत्माहरूले सताएका केही मानिसहरू थिए।**

**मर्कूस ५:१-१० र लूका ८:२६-३९ले ती अशुद्ध वा भुतात्माहरूले सताएका मानिसहरूको बारेमा थप जानकारी दिएका छन्। ती अशुद्ध आत्माहरूले आफूहरूलाई पल्टन भनेर सम्बोधन गर्दछन्। रोमी सैनिकमा पल्टन भन्दा ६,००० सैनिकहरूको समूह हुन्थ्यो। येशूले ती अशुद्ध आत्मा लागेका मानिसहरूबाट ती आत्माहरू निकालेर कम्तिमा २००० सुँगुर वा बँदेलहरूमा पठाउनुभयो। ती अशुद्ध आत्माहरू सुँगुरमा पस्न ती आत्माहरूले नै येशूसँग अनुरोध गरेका थिए।**

**ती सुँगुरहरूको जिउमा पस्न ती भुतात्माहरूले येशूलाई किन अनुरोध गरे होलान् भनेर धेरै छक्क परेको देखिन्छ। एउटाको तर्क थियो कि ती अशुद्ध वा भुतात्माहरू त्यसै खाली ठाउँहरूमा घुमीरहन चाहँदैन रे। तिनीहरू कसैको शरीरमा घर बताएर बस्न चाहन्थे र ती अशुद्ध मानेका सुँगुरहरू नै किन नहुन्। अर्कोले भन्थे कि ती भुतात्माहरू पानीदेखि डराउँथे रे! एक फेरा शैतानका अशुद्ध दानवी भुतात्माहरू पानी नभएको वा मरुभुमीमा भौंतारिएर आफूहरू कसैको शरीरमा पस्न खोजेका थिए भनेर येशूले उल्लेख गर्नुभएको थियो (मत्ती १२:४३ रूपान्तरित)। संसारको अन्त हुनुभन्दा अघि शैतान र उसका मतियार दानवी अशुद्ध आत्माहरूको नाश गरिनेछ भन्ने कथाहरू यहूदीहरूको माझमा प्रचलित थिए।**

जुनसुकै कारणले ती अशुद्ध आत्माहरू सुँगुरमा गएतापनि एउटा अत्यन्त महत्त्वपूर्ण कुरालाई औंल्याएको हामीले आत्मसात् गर्नुपर्छः ती अशुद्ध आत्माले सताइएका मानिसहरूको नाश शैतानले कसरी चाहेको थियो त्यसरी नै परमेश्वरका जनहरूको नाश पनि उसले चाहेको थियो। तर शैतानको योजनालाई येशूले हस्तक्षेप गर्नुभयो र तिनीहरूको जीवनलाई आमूल परिवर्तन गर्नुभयो। मानिसहरूको जीवनमा शैतानले जुन् नाशिने चर्तिकलाले भर्न चाहन्छ त्यसलाई येशूले रद्द गर्न सक्नुहुन्छ यदि ती मानिसहरूले उहाँलाई आफ्ना जीवनहरू सुम्पन राजी भयो भने। ती मानिसहरूको अनुमती बिना येशूले तिनीहरूलाई परिवर्तन गर्न चाहन्नुहुन्न। तर उहाँको सहायताबिना हामीहरू शैतानको सामु निरीह वा असहाय भएर जिवन गुजार्नुपर्नेहुन्छ।

ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् युद्धमा हामी कि त ख्रीष्टको पक्षमा हुन्छौं वा शैतानको पक्षमा (अर्थात् मध्यम मार्ग भन्ने बाइबलले सिकाउँदैन)। झट्ट सुन्दा येशूको देहायको वचन अत्यन्त भयानक देखिने भएतापनि त्यसमा उहाँले सत्य कुरा स्पष्टसँग पर्दाफास गर्नुभएको शायद अन्त नहोला। उहाँले स्पष्टरूपमा यसरी भन्नुभएको थियोः "जो व्यक्ति मसँग छैन, त्यो व्यक्ति मेरो बिरुद्धमा हुन्छ।जो मानिसले मसँग मानिसहरूलाई यकत्रित पार्दैन त्यसले जताततै तिनीहरूले छरपष्ट वा तितरबितर पार्दछ।" (लूका ११:२३ रूपान्तरित)। तर हामी कस्को पक्षमा रहने त्यो चुन्न हामीलाई आत्मनिर्णयको स्वतन्त्रता वा विवेकको स्वतन्त्रता परमेश्वरले हामीलाई नै सुम्पन्नुभएको छ (भाग्यको खेल भन्ने धारणा बाइबलले सिकाउँदैन)।

येशूले भन्नुभयो "चोर केहीको लागि आउँदैन केवल चोर्न, मार्न वा नाश गर्नमात्र। तर म आएँ ताकि मानिसहरूले जीवन पाउन् र त्यो पनि अत्यन्त प्रचुर वा प्रशस्तमात्रामा होस् भनेर।" (यूहन्ना १०:१० रूपान्तरित)। ती अशुद्ध आत्माले सताइरहेका र हामीहरूकै निम्ति येशूको त्यो अभिव्यक्तिको अर्थ के हुनसक्छ? येशूले कबूल गर्नुभएको वचनलाई हामीहरूले अनुभव गर्न हामीहरू कुन् नीतिमा हिंड्नुपर्छ?

## ४. "उठ र हिंड!" (मत्ती ९:१-८)

इस्राएल वा यहूदीहरूको बिचमा त्यस्तो विश्वास त कसैसँग पाइएको थिएन भनेर येशूले व्यक्त गर्नुभएको यस पाठको दोस्रो बुँदामा हामीले हेर्‍यौं।

**त्यसै वखत येशूकहाँ एक जना पक्षघाति रोगी ल्याइएको थियो जसको ठूलो चाहना थियो कि उनि केवल शरीरमात्र होइन आत्मामा पनि निको भएको होस्।**

खीष्टले हामीहरूका पापहरूलाई क्षमा दिनुहुन्छ भन्ने प्रतिज्ञालाई मत्ती ९:१-८मा उल्लेख गरिएका पदहरूले हामीहरूलाई कसरी जनाउँछन्? हामीहरूको जुनसुकै पापले हामीहरूलाई जतिसुकै क्षतबिक्षत पारेतापनि खीष्टले क्षमा दिन सक्नुहुन्छ भन्ने उपरोक्त पद र अरू पदहरूले कसरी पुष्टि गर्छन् हेर्नुहोस्: मत्ती ९:१-८ "१ त्यसपछि येशू डुङ्गामा चढ़ेर पारि जानुभयो, र उहाँको आफ्नो सहरमा आउनुभयो। २ मानिसहरूले खाटमा पस्रिरहेको एक जना पक्षाघातिलाई उहाँकहाँ ल्याए। येशूले तिनीहरूको विश्वास देखेर पक्षाघातीलाई भन्नुभयो, "छोरा, साहस गर। तिम्रा पाप क्षमा भए।" ३ शास्त्रीहरूमध्ये कतिले आपसमा भने, "यिनी परमेश्वरको निन्दा गर्दैछन्।" ४ येशूले तिनीहरूको विचार बुझेर भन्नुभयो, "तिमीहरू किन आफ्ना हृदयमा दुष्ट विचार गर्दछौ? ५ किनकि के भन्नु सजिलो छ, 'तिम्रा पाप क्षमा भए' भन्नु कि 'उठ र हिँड़' भन्नु? ६ तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भनी तिमीहरूले जान्न सिक।" तब उहाँले त्यस पक्षाघातीलाई भन्नुभयो, "उठ, तिम्रो खाट बोक, र घर जाऊ।" ७ अनि त्यो उठ्यो, र आफ्नो घरतिर लाग्यो। ८ जब भीड़ले यो देख्यो, तब तिनीहरू भयभीत भए, र मानिसहरूलाई यस्तो शक्ति दिनुहुने परमेश्वरको प्रशंसा गरे।" रोमी ४:७,८ "७ "तिनीहरू धन्यका हुन्, जसका अपराधहरू क्षमा भएका छन्, र जसका पापहरू ढाकिएका छन्। ८ त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमप्रभुले लिनुहुन्न।", १ यूहन्ना १:९ "यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।", १ यूहन्ना २:१२ "१२ मेरा साना बालकहरू, म तिमीहरूलाई लेखिरहेछु, किनभने उहाँका नाउँको खातिर तिमीहरूका पाप क्षमा भएको छ।"

**यो अत्यन्त चासोको विषय हो कि येशूले सबभन्दा पहिले त्यस पक्षाघातिको आत्मिक रोगको उपचार गर्नुभयो। उसको यथार्थ समस्या के थियो भनेर येशूलाई स्पष्टै थाहा थियो। त्यो मानिस रोगले अत्यन्त पिडित थियो। उसको शारीरिक अवस्था अत्यन्त नाजुक थियो। तर शारीरिक भन्दा पापले गर्दा आत्मग्लानीले पिडित भएको अवस्था येशूलाई थाहा थियो। उसको भित्रि समस्याले गर्दा उसलाई क्षमा चाहिएको थियो भनेर येशूलाई थाहा थियो।**

त्यसकारण पापको यथार्थ मूल्य थाहा पाउने येशूले त्यस मानिसलाई अत्यन्त चाहिने सान्त्वनाका वचनहरूको आवश्यकता भएको उहाँलाई थाहा थियोः "तिम्रा पापहरू क्षमा भयो।"

त्यसमा एलेन जी ह्वाइट थप्नुहुन्छः "आफ्नो शारीरिक कष्टबाट भन्दा पापको बोक्षबाट राहत पाउने चाहना त्यस पक्षाघाति मानिसको थियो। ओहो! यदि उसले येशूलाई भेट्नमात्र पाए र उहाँको मुखारबाट क्षमाका शब्दहरू सुन्न पाए स्वर्गको शान्तिको आभास् कस्तो पाउने थियो होला! अनि परमेश्वरको इच्छा अनुसार संतुष्टसाथ मर्न वा बाँच्न आफू तयार भएको उसको भित्रि मनले भनेको थियो।"-द डिजाएर अभ एजेज, पृ. २६७बाट रूपान्तरित।

कतिपय समयमा हामीहरूले हामीहरूको शारीरिक रूपमा निको हुन प्रार्थना गर्दछौं। निःसन्देह हामीहरूको शारीरिक कष्टहरूबाट हामी राहत पाउन् भन्ने परमेश्वरको चाहना छ। तर येशूले आफ्नो प्रवचनमा भन्नुभएको थियो कि "पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर।" त्यसकारण, अन्तमा हामीहरूको दिमागलाई पहिला अनन्त वस्तुहरूमा लगाउनुपर्दछ। यो कहिलै पनि बिर्सनुहुन्न कि हामी जतिसुकै उमेर लिएर बाँचेतापनि वा जे गरेतापनि यो संसारको जीवन केवल क्षणिक मात्र हो र बाफ जस्तो बिलाएर जानेछ।

जुनसुकै शारीरिक कष्ट यस संसारमा हामीले झेल्नुपरेतापनि त्यो केवल छोटो समयको निम्तिमात्र हो। यो सत्यलाई हामीले कहिलैपनि किन बिर्सनुहुन्न?

## ५. मुर्दा आफैले आफैलाई गाड्न देऊ (मत्ती ८:१८-२२)

येशूको पछि लाग्नु भनेको के रहेछ भनेर घट्लाग्दो नीति येशूले मत्ती ८:१८-२२मा उल्लेख गरिएको छ। एक जना धर्मको पण्डित र अर्को उहाँको चेला वा उपासकले उहाँसँग केही अनुरोध गरेका थिए। ती अनुरोध के समय सापेक्षिक वा हाम्रो जीवनमा पनि लागु हुनसक्छ र? उहाँको पछि लाग्नु भनेको के हो? हेर्नुहोस्ः १८ जब येशूले आफ्नो वरिपरि ठूला भीड़हरूलाई देख्नुभयो, उहाँले तालको पारि जाने आज्ञा दिनुभयो। १९ एक जना शास्त्री उहाँकहाँ आए, र उहाँलाई भने, "गुरुज्यू, तपाईं जहाँ-जहाँ जानुहुन्छ, म तपाईंलाई पछ्याउनेछु।"

२० येशूले तिनलाई भन्नुभयो, "स्यालका दुला र आकाशका चराचुरुङ्गीहरूका गुँड़ हुन्छन्, तर मानिसको पुत्रको लागि त शिर ढल्काउने

ठाउँ पनि छैन।" २१ उहाँका चेलाहरूमध्ये अर्को एक जनाले भन्यो, "प्रभु, पहिले गएर मलाई मेरा बाबुलाई गाड्ने अनुमति दिनुहोस्।" २२ तर येशूले तिनलाई भन्नुभयो, "मेरो पछि आऊ, मुर्दाले नै तिनका आफ्ना मुर्दा गाडून्।" (मत्ती ८:१८-२२)।

दुई जना मानिसहरू येशूको उपासक हुन वा चेलाहरू हुन उहाँकहाँ आउँछन्। ती दुवैले येशूलाई विश्वास गर्दथे। तिनीहरू आफ्नो चाहनामा इमान थियो। तर दुवै येशूको पछि पछि लाग्न केही कुरोले रोकी राखेको थियो। हामीहरूको सबै हृदय थाहा पाउन सक्ने येशूले तिनीहरूको हृदयलाई नै खोतल्ने गरेर जवाफ दिनुहुन्छ। पहिलो पण्डितलाई येशूले उसको हृदय खोतलेर सोध्नुहुन्छ, "मेरो पछि लाग्न, के तिमी सबै थोक वा आफ्नो सुत्ने ओछ्यान पनि त्याग्न तयार छौ?" त्यसको अर्थ यो होइन कि यदी उनि येशूको पछि लागे भने उनले संसारका सबै भौतिक तत्वहरू त्याग्नुपर्छ। तर चाहेको खण्डमा त्यो पनि गर्न तयार हुनुपर्छ।

येशूले दोस्रो व्यक्तिलाई यसरी जवाफ दिनुहुन्छ "मेरो पछि लाग मुर्दा (आफ्नो पापमा मर्न चाहेको) आफूले आफैलाई गाड्न देऊ।"(रूपान्तरित)। त्यो मानिसले जे चाहेको थियो त्यो जायजै देखिएको थियो। उसले यो भनेको थियो कि मलाई घरमा पठाउनुहोस् र मेरो बुबालाई गाड्न दिनुहोस् (अर्थात् उनि नमरिञ्जेल उनको सेवा गर्न दिनुहोस्।" (मत्ती ८:२१ रूपान्तरित)। आफ्नो बाबुलाई गाडेपछिमात्र येशूको पछि जान के भयो र? आफ्ना आमाबाबुलाई उचितसँग गाड्नु भनेको यहूदी संस्कार अनुसार दश आज्ञाको पाँचौं आज्ञा "तिमीले आफ्नो बाबुआमाको आदर गर्नु"लाई हृदयदेखि पालन गरेको देखाइन्थ्यो।

यद्यपि, त्यस मानिसको बुबा न त मरिसकेको थियो न त मरनासन्न अवस्थामा थियो भनेर कतियम बाइबलका विद्वानहरूले व्याख्या गरेको पाइन्छ। बरू उसले येशूलाई यो भनिरहेको थियो रे "मेरो घरसँग सबै चाँजोफाँजो मिलाउँ अनि तपाईंको पछि लाग्न तयार हुन्छु।" येशूलाई विश्वास गर्न वा उहाँको पछि लाग्न त्यस मानिसले केवल बहानामात्र बनाएको थियो भनेर येशूको वचनले आभास् दिँदछ। त्यसलाई मध्यनजरमा राख्दा येशूले त्यस दोस्रो व्यक्तिलाई भन्नुभएको वचन त्यस्तो रुखो देखिँदैन।

येशूको पछि लाग्न वा चेला हुन अर्को आह्वान मत्ती ९:९-१३मा पाइन्छ जहाँ येशूले मत्तीलाई उनको कार्यालयमा कर लिँदै गर्दा बोलाउनुहुन्छ।

**रोमी सरकारको निम्ति कर लिने यहूदी मत्तीलाई सबैले घृणा गर्दथ्यो। तर येशूलाई त्यस मानिसको हृदय थाहा थियो। येशूले उनलाई आफ्नो पछि लाग्न आह्वान गर्नेबित्तिकै आफ्नो काम अरूलाई जिम्मा दिएर उहाँको पछि लागेका थिए। येशूलाई निश्चय थाहा थियो कि उहाँले बोलाउनु हुँदा मत्तीको प्रतिक्रिया कस्तो हुन्छ। अनि बाइबलको पदहरूले त्यसलाई प्रमाणित गर्दछ। येशूले मत्तीलाई गरेको आह्वान त्यसबेला कडा र रिस उठ्दो देखिन्थ्यो होला। तर विश्वव्यापी सुसमाचार प्रचारको यथार्थताको अर्को नमुना मत्तीले सुसमाचार सुनेर नहिच्किच्याइकन तुरन्तै ग्रहण गरेकोले देखाउँछ।**

मत्ती ९:९-१३ पढ्नुहोस् र विशेष गरेर पद १३मा आँखा लगाउनुहोस्। बर्तमान परिप्रेक्ष्यमा येशूको त्यो नीति के अर्थपूर्ण छ र? हामीहरूको धर्मकर्म वा धार्मिक क्रियाकलाप वा विश्वास जतिसुकै ठीकै भएतापनि परमेश्वरको नजरमा जे उचित छ त्यो गर्नबाट हामीहरूको धर्मकर्म किन बाधक हुन दिनु हुँदैन? हेर्नुहोस्: "९ येशू त्यहाँबाट जानुहुँदा मत्ती भन्ने एक जना मानिसलाई कर उठाउने अड्डामा बसिरहेको देख्नुभयो, र तिनलाई भन्नुभयो, "मेरो पछि लाग।" अनि तिनी उठे र उहाँको पछि लागे। १० उहाँ खान बस्नुभएको बेला, धेरै कर उठाउनेहरू र पापीहरू आएर येशू र उहाँका चेलाहरूसँग खान बसे। ११ जब फरिसीहरूले त्यो देखे, तब उहाँका चेलाहरूलाई भने, "किन तिमीहरूका गुरु कर उठाउनेहरू र पापीहरूसँग खान्छन्?" १२ यो सुनेर उहाँले भन्नुभयो, "निरोगीहरूलाई वैद्यको आवश्यकता हुँदैन, तर रोगीहरूलाई हुन्छ। *१३ तर गएर यसको अर्थ के हो तिमीहरू सिक: 'म बलिदान होइन, दया चाहन्छु।' किनकि म धर्मीलाई होइन, तर पापीहरूलाई बोलाउन आएँ।"*

## उपसंहार:

**येशूको चेला हुनुभन्दा पहिले आफ्नो बाबुलाई गाड्न पाउँ भनेको एक जनाको अनुरोध हामीले पाँचौं बुँदामा हेऱ्यौं। तर "मेरो पछि लाग र मुर्दा आफूले आफैलाई गाड्न देऊ" भन्ने येशूको वचन पनि पढ्यौं। उनको बाबु मरेको कि बाँचिरहेको, येशूको वचनले के आभास् दिन्छ? बाइबलको अरू अनुवादमा त्यो मानिस पापमा मरिरहेको अर्थ लगाइएको छ। त्यसको अर्थ जो मानिसहरू यस संसारमा रहन्छन् तर पापमा मुछि रहन्छ ती मानिसहरू मरेतुल्य हुन्।**

तिनीहरूको अहिलेमात्र मोजमज्जामा जिउने प्रवृत्तिले अनन्त जीवनप्रति न त चासो हुन्छ न त आशा नै हुन्छ। यस संसारले प्रदान गर्नेभन्दा महान् बस्तु येशूले त्यस मानिस र हामीलाई येशूले औंल्याउन चाहेको हामी देख्छौं। त्यसैकारण येशूले के भन्न चाहनुभएको थियो त्यसमा हामीले अचम्म मान्नुहुँदैन।

चिन्तनमननः

अ. आफ्नो बाबु मरेको छ भने आफै गाडिन देऊ भन्ने येशूको छक्क पर्ने वचनलाई गहिरोसाथ नियालेर हेर्नुहोस्। हामीले जे काम गरेतापनि हामीहरूको दिमागमा ठूलो चित्रलाई आत्मसात् गरिराख्नुपर्छ भनेर त्यस अभिव्यक्तिले हामीलाई कसरी सिकाउँछ? बाइबल पढेर त्यो ठूलो चित्र के हो भनेर हामीले कसरी बुझ्न सक्छौं?

आ. जब हामी बिरामीको निम्ति प्रार्थना गर्छौं तब त्यो निको हुन्छ वा हुँदैन भन्ने परमेश्वरको चाहना हामीलाई सधैं थाहा हुँदैन। तर हामीहरूको सधैं आत्मिक चङ्गाईको बारेमा परमेश्वरको चाहना हामीलाई थाहा छ। त्यसले तपाईंको प्रार्थनाको जीवनलाई कसरी प्रभाव पार्न दिनुपर्छ?

इ. तपाईंको जीवनमा सबभन्दा महत्त्वपूर्ण वस्तुहरू कुन् हुन्? त्यसको सूची बनाउनुहोस्। त्यसबाट तपाईंले के सिक्नसक्नुहुन्छ? त्यसले संसारको, परमेश्वरको र एक आपसको दृष्टिकोणको बारेमा के सिकाउँछ? यदि परमेश्वरलाई विश्वास नगर्ने नास्तिकले सूची बनायो भने त्यो सूची किन फरक हुनसक्छ?